# छत्रदेव गाउँपालिका
# CHHATRADEV RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Letter No.:
चलानी नं / Ref. No.:

## डेडीकेटेड ईन्टरनेट जडान सम्बन्धी सूचना !

*दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०६/१६*

छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थासमेतमा देहायको सर्तको अधीनमा रही Dedicated Internet with Public IP (100Mbps) जडान गरी सेवा प्रदान गर्न इन्छुक ईन्टरनेट सेवा प्रदायक फर्मले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र के-कति दरभाउमा सेवा उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी BoQ भरी शिलबन्दी दरभाउपत्र पेस गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सर्तहरु:

१. प्रत्येक कार्यालय/स्वास्थ्य संस्थामा Per-point local VLAN with 2 unique VLAN सेवा प्रदान गर्नु पर्नेछ ।

२. ईन्टरनेट सेवा प्रदायकले नियमित रुपमा ईन्टरनेट सेवा उपलब्ध गराउनु पर्ने छ । केही विशेष कारणवश सम्झौता अवधिभित्र लगातार २ दिन भन्दा बढी अवधिसम्म सेवा अवरुद्ध हुन गएमा सेवा प्रदायकलाई कार्यालयले ईन्टरनेट अवरुद्ध हुन गएको दिनको रकम कट्टा गरी भुक्तानी गर्नेछ ।

३. सेवा प्रदायकले सेवाको चेकजाँच गरी सेवालाई निरन्तर रुपमा उपलब्ध गराउनु पर्ने छ । उक्त कार्यका लागि थप शुल्क माग गर्न पाइने छैन ।

४. कार्यालयले ईन्टरनेटको Speed घटी वा बढी गर्न आवश्यक ठानेमा थप कार्यादेश दिइ सेवा लिन सक्नेछ ।

५. सेवा प्रदायकले सम्झौताको १५ (पन्ध्र) दिनभित्र इण्टरनेट सेवा सुचारु गर्नुपर्नेछ । उक्त कार्य सम्झौता पश्चात एक वर्षसम्म निरन्तर रुपमा सेवा प्रदान गर्नु पर्नेछ ।

६. ईन्टरनेट सेवा वापतको रकम कार्यालयले सेवा प्रदायकलाई त्रैमासिक रुपमा भुक्तानी गर्नेछ ।

७. सेवा प्रदायकले दरभाउ पेस गर्दा निवेदनसहित अनिवार्य रुपमा फर्म दर्ता/नवीकरण, मु.अ.कर दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नुपर्नेछ ।

८. सेवा प्रदायकले कुनै कारणवश सेवा उपलब्ध गराउन असमर्थ रहने भएमा कहिले देखि सेवा उपलब्ध गराउन नसक्ने हो सो मिति भन्दा कम्तिमा पनि ३ महिना अगावै गाउँपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

९. दरभाउपत्र खरिद पूर्व अनिवार्य रुपमा फर्म सूचीकृत गर्नु पर्नेछ ।

१०. दरभाउपत्र रु. १०००।०० नगद तिरी गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०६/२२ गते कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

११. दरभाउपत्रदाताले मिति २०८३/०६/२३ गते दिउँसो १२:०० बजेभित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ साथै दिउँसो १:०० बजे दरभाउपत्र खोलिने छ ।

१२. दरभाउपत्र सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

थप जानकारीका लागि मोबाईल नं. ९८४९०५६५९८ मा सम्पर्क गर्न सकिनेछ ।

वासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner